नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय

# क्याफ्स–कर्णाली परियोजना
## CAFS-Karnali Project

ADAPTATION FUND
WFP

मासिक बुलेटिन

बर्ष १, अंक ८, फाल्गुण, २०७६

## स्थानीय अनुकुल कार्ययोजना बनाउने प्रतिबद्धता

मिति २०७६, फाल्गुण ११ देखी १५ गतेसम्म जुम्ला जिल्लामा पाँच दिने जलवायु परिवर्तन तथा स्थानीय अनुकूलन कार्ययोजना निर्माण प्रक्रिया सम्बन्धि तालिम सञ्चालन भएको थियो । उक्त तालिममा जुम्ला र कालिकोटका साझेदार गैरसरकारी सँस्थाहरु पेस नेपाल र हुरेन्डेक नेपालका कर्मचारी तथा विश्व खाद्य कार्यक्रमका केही कर्मचारी गरी ३५ जना सहभागी रहेका थिए । तालिमको सहजीकरण प्रशिक्षक सोहन लाल श्रेष्ठका साथै वन तथा वातावरण मन्त्रालयका उपसचिव तथा राष्ट्रिय कार्यक्रम प्रवन्धक डा. केशवराज गौतम, मौसमविद् रामप्रसाद अवस्थी तथा विश्व खाद्य कार्यक्रमकी परियोजना संयोजक प्रगति शर्माले गर्नुभएको थियो।




जलवायु परिवर्तन तथा स्थानीय अनुकूलन कार्ययोजना निर्माण प्रक्रिया सम्बन्धि तालिमका सहभागीले प्रमाणपत्र लिदैं

> वन तथा वातावरण मन्त्रालयका उपसचिव डा. केशवराज गौतमले क्याप्स कर्णाली अर्न्तगतको यस कार्यक्रम प्रधानमन्त्री कार्यालयबाट अनुगमन हुने कार्यक्रम भएकाले पनि अत्यन्त महत्वपुर्ण रहेको जानकारी दिनु भएको थियो ।

तालिमका सहभागीहरुले जलवायु परिवर्तनले गरेको असरलाई न्यूनीकरण गर्ने उपायहरु, जलवायु परिवर्तनले पारेको असर र यसबाट बच्ने उपायसहितको स्थानीय अनुकूलन कार्ययोजना बनाउनका लागि जुम्ला र कालीकोट जिल्लाका पाँच वटा स्थानीय निकायलाई सहयोग गर्नेछन् । जस अर्न्तगत राष्ट्रिय अनुकूलन खाका २०७६ अनुसार विभिन्न विधिको प्रयोग गरी विभिन्न वडा तथा बस्तीस्तरमा छलफल गरी स्थानीय अनुकूलन कार्ययोजना निर्माण गर्नमा सहजीकरण गर्नेछन्।

जलवायु परिवर्तनले असर गरेको क्षेत्रलाई पहिचान गरी अनुकूलनका उपायहरु अवलम्बन गर्नका लागि कार्ययोजना बनाउन लागीएको पेस नेपाल जुम्लाले जनाएको थियो। कार्ययोजनामा तापक्रमको अवस्था, अनुकूलन क्षमतालगायत विषयहरु समावेश गरि जलवायुका हिसाबले क्षति गरेको बस्ती पहिचान गरी जोखिम न्यूनीकरण गर्नका लागि लापा तयार गरिने पेस नेपाल जुम्लाका कार्यकारी अध्यक्ष किशोर न्यौपानेले बताउनु भएको थियो । जुम्लाको हिमा, तिला र तातोपानी गाउँपालिकामा जलवायु परिवर्तनले पारेको असरका क्षेत्रहरु पहिचान गरी लागि स्पष्ट अनुकुलनका योजना तयार गरिने उहाँको भनाइ थियो।

जिल्ला समन्वय समिति जुम्लाका उपप्रमुख कार्मा बुढाले जलवायु परिवर्तनको असरसँग जुध्ने योजना आवश्यक रहेको बताउनु भएको थियो। जलवायु परिवर्तनको असरले खाद्यान्न उत्पादनमा ह्रास हुँदै गएको भन्दै उहाँले सिँचाइ नहुने जमीनमा थोपा सिँचाइ प्रविधि प्रयोग गर्नुपर्ने बताउनु भएको भयो। त्यसैगरी वन तथा वातावरण मन्त्रालयका उपसचिव डा. केशवराज गौतमले क्याप्स कर्णाली अर्न्तगतको यस कार्यक्रम प्रधानमन्त्री कार्यालयबाट अनुगमन हुने कार्यक्रम भएकाले पनि अत्यन्त महत्वपुर्ण रहेको जानकारी दिनु भएको थियो। जलवायु परिवर्तनको चपेटामा गरीब नागरिक परेको भन्दै उहाँले अनुकूलनको योजनालाई तल्लो तहसम्म लिएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

## २०७६ फागुन महिनामा सम्पन्न मुख्य कृयाकलापहरु

- जुम्लामा पाँच दिने जलवायु परिवर्तन तथा स्थानीय अनुकूलन कार्ययोजना निर्माण प्रक्रिया सम्बन्धि तालिम सम्पन्न।
- १२ वटा विभिन्न भौतिक पुर्वाधारका परियोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् (मुगुमा चुचेदेखि मान सिं. सिंचाई, काडाँकुलो सिंचाई, माझगट्टादेखि एकलकाटिया सिंचाई, खमालेको भुक्षय तथा तटवन्धन) (जुम्लामा घट्टे खोला सिंचाई, बडाबथान सिंचाई, मानेचौर रस्टिक स्टोर) (कालीकोटमा खाडा बस्तीमा एक घर एक धारा, रस्टिक स्टोर, नर्सरी निर्माण, साल्ते मर्म सिँचाइ कुलो र भुच्चीखोला लघु जलविद्युत मर्मत)
- विभिन्न स्थानमा गैर काष्ठ वन पैदावार लगायत विविध किसिमका विरुवा रोपिएको (मुगुमा ४३,५०० स्याउको विरुवा, कालिकोटमा ११८०० स्याउ, आरु नास्पाति,ओखर वितरण)
- कालिकोटमा २ उद्यमी प्रवर्द्धन तालिम सम्पन्न।
- जुम्ला र कालिकोटमा लापा निमार्ण प्रकृयाको लागि पाँच गाँउपालिकामा धरातलिय हिँडाइ मार्फत सूचना संकलन।



तालिममा वन तथा वातावरण मन्त्रालयका उपसचिव डा.केशवराज गौतमले कक्षा लिदैं




जुम्लामा संचालन भएको जलवायु परिवर्तन तथा स्थानीय अनुकूलन कार्ययोजना निर्माण प्रक्रिया सम्बन्धि तालिमका सहभागीहरुको सामुहिक फोटो

**थप जानकारी तथा सम्पर्कका लागि :**

**क्याफ्स–कर्णाली परियोजना समन्वय इकाई**
वन तथा वातावरण मन्त्रालय
जलवायु परिवर्तन ब्यबस्थापन महाशाखा
सिंहदरबार, काठमाडौं
टेलिफोन नम्बरः ०१ ४२२१४३५, ४२११९९६, ४२११९९७
वेवः www.mofe.gov.np

**संयुक्त राष्ट्रसँघीय विश्व खाद्य कार्यक्रम**
नेपाल केन्द्रिय कार्यालय
चाकुपाट, पाटनढोका सडक, ललितपुर, नेपाल
टेलिफोन नम्बरः ०१ ५२६०६०७